# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०७ संख्याः २० मितिः २०८०।०९।०८

## भाग-२

**सम्बत् २०८० सालको कार्यविधि नं ११**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको माछापुच्छ्रे गाउँपालिकाको" **शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८०"** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

माछापुच्छ्रे गाउँपालिका

# शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः**

माछापुच्छ्रे गाउँपालिका भित्र रहेका विद्यालयमा विद्यालय समायोजन, विद्यार्थीको सङ्ख्यामा भएको फेरबदल लगायत विविध कारणले विद्यालयमा विद्यार्थी र कक्षाको अनुपातमा कुनै विद्यालयमा शिक्षकको सङ्ख्या बढी त कुनै विद्यालयमा कमी हुनाका साथै कुनै विद्यालयमा एकै विषयका शिक्षक बढी त कुनै विद्यालयमा विषय शिक्षकको कमि जस्ता समस्याका कारण शिक्षाको गुणस्तर वृद्धि गर्न परेको कठिनाई समाधानार्थ शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्यविधि, २०७६ अनुसार यस गाउँपालिकाका लागि शिक्षा विकास तथा समन्वय इकाइ, कास्कीबाट प्राप्त शिक्षक दरबन्दी सङ्ख्याका भित्र रही विद्यालयका तहगत, विषयगत तथा कक्षागत रूपमा शिक्षकको दरबन्दी मिलान तथा व्यवस्थापन गर्न बान्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बनेको माछापुच्छ्रे गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (ज) ले दिएको अधिकार बमोजिम माछापुच्छ्रे गाउँपालिकाले शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८० बनाइ लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८० हुनेछ ।

ख. यस कार्यविधि माछापुच्छ्रे गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः**

**विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा** :

क. "गाउँपालिका भन्नाले माछापुच्छ्रे गाउँपालिका सम्झनु पर्दछ ।

ख. "कार्यपालिका भन्नाले माछापुच्छ्रे गाउँपालिकाको गाउँकार्यपालिका सम्झनु पर्छ ।

ग. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

घ. "शिक्षा समिति" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्दछ ।

ङ. "आधारभूत शिक्षा" भन्नाले बालविकास देखि कक्षा आठ सम्म दिइने शिक्षालाई सम्झनुपर्छ ।

च. "माध्यामिक शिक्षा" भन्नाले कक्षा नौ देखि बाह्र कक्षा सम्मलाई सम्झनु पर्छ ।

छ. "शाखा प्रमुख" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा सो काम गर्न तोकिएको शाखाको कर्मचारीलाई सम्झनुपर्छ ।

ज. "दरबन्दी "भन्नाले नेपाल सरकारद्वारा स्वीकृत अनुदान प्राप्त स्थायी / अस्थायी, करार दरबन्दी सम्झनु पर्दछ ।

झ. "राहत शिक्षक" भन्नाले नेपाल सरकारवाट अनुदान प्राप्त राहत अनुदानकोटाको शिक्षक सम्झनु पर्दछ ।

ञ. "सामुदायिक विद्यालय" भन्नाले सरकारद्वारा नियमित अनुदान प्राप्त गर्ने माछापुच्छ्रे गाउँपालिका भित्रका सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

ट. "शिक्षक" भन्नाले विद्यालयमा अध्यापन गर्ने अध्यापकलाई सम्झनुपर्छ सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउदछ ।

ठ. "बालविकास सहयोगी कार्यकर्ता" भन्नाले माछापुच्छ्रे गाउँपालिकाभित्रका विद्यालय तथा समुदायमा कार्यरत बालविकास सहयोगी कार्यकर्तामा नियुक्त बाल शिक्षक सम्झनुपर्छ ।

## परिच्छेद — २
## दरबन्दी मिलानका आधारहरू

**३. शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था :**

१. प्रत्येक शैक्षिक सत्रको एकिकृत शैक्षिक सूचना प्रणालीमा समावेश भएका विद्यालय, विद्यालयका तह, कक्षा, विषय र विद्यार्थी सङ्ख्याका आधारमा सत्यापन गर्दा प्राप्त विवरण बमोजिम शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गरिनेछ ।

२. विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी करार, राहत अनुदान, बालविकास सहयोगी कार्यकर्ता, सिकाई अनुदान र गाउँ / वडा शिक्षकहरूको सङ्ख्यात्मक विवरण तयार पारिनेछ ।

३. काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलब भत्ता पाउँछन सोही विद्यालयको शिक्षकमा गणना गरिनेछ ।

४. न्यूनतम शिक्षक सङ्ख्या कायम गर्दा कक्षा १-३ सञ्चालित विद्यालयमा कम्तिमा २ जना शिक्षक सङ्ख्या, कक्षा १-५ सञ्चालित विद्यालयमा कम्तिमा ३ जना शिक्षक सङ्ख्या, १-८ सञ्चालित विद्यालयमा विषयगत सहित कम्तिमा ७ जना शिक्षक, कक्षा १-१० सञ्चालित विद्यालयमा विषयत सहित कम्तिमा १२ जना शिक्षक सङ्ख्या, कक्षा १-१२ सञ्चालित विद्यालयमा विषयत सहित कम्तिमा १५ जना सङ्ख्या हुनुपर्ने, उल्लेखित दरबन्दी संख्या भन्दा बढी वा कम शिक्षक सङ्ख्या भएमा त्यस्ता विद्यालयका शिक्षक दरबन्दी कायम गर्न अन्य विद्यालयबाट मिलान गरिनेछ । हरेक विद्यालयमा कम्तिमा एक बालविकास केन्द्र कायम गरिनेछ ।

५. एउटै कक्षामा विद्यार्थी सङ्ख्या बढी भई वर्ग /सेक्सन खोल्नु पर्ने अवस्थामा प्रतिकक्षा ३० जना मापदण्ड बमोजिमको विद्यार्थी सङ्ख्याको साठी प्रतिशतभन्दा बढी अर्थात ४८ जनाभन्दा बढी विद्यार्थी भएमा वर्ग / सेक्सनको व्यवस्था गरी प्रति सेक्सन १ जना शिक्षक दरबन्दी थप गरी गणना गर्न सकिने तर भौगोलिक विकटताका कारण समायोजन गर्न नसकिने अवस्थाका विद्यालयहरूमा कक्षा र तह अनुसार शिक्षक दरबन्दी कायम गरिनेछ ।

माछापुच्छ्रे गाउँपालिका

**६. विद्यालयगत एवम् तहगत, विषयगत शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक व्यवस्थापन मिलान गर्ने आधारहरु**

क. कक्षा १-३ सञ्चालन भएका आधारभूत विद्यालयमा न्यूनतम प्राथमिक तहको २ जना शिक्षक व्यवस्थापन गरिने छ ।

ख. कक्षा १-५ सञ्चालन भएका आधारभूत विद्यालयमा न्यूनतम ३ जना प्राथमिक शिक्षक व्यवस्थापन गरिनेछ ।

ग. कक्षा ६-८ सञ्चालन भएका आधारभूत विद्यालयमा न्यूनतम ४ जना निम्नमाध्यमिक शिक्षक व्यवस्थापन गर्ने । शिक्षक व्यवस्थापन गर्दा विषयगत प्राथमिकीकरणका आधारमा अङ्ग्रेजी १, गणित / विज्ञान १, नेपाली १ सामाजिक १ गरी ४ ओटासम्म आधारभूत तह कक्षा ६-८ को शिक्षक दरबन्दी कायम गर्ने तर दरबन्दी मिलानको समयमा सो अनुसार हुन नसकेमा भविष्यमा हुने शिक्षकको नियुक्ति वा सरूवामा मिलान गर्दै जाने ।

घ. कक्षा ९-१० सञ्चालन भएका माध्यमिक विद्यालयको सम्बन्धमा कम्तिमा ५ जना शिक्षकको व्यवस्थापन गर्ने । शिक्षक व्यवस्थापन गर्दा प्राथमिकता क्रमअनुसार अङग्रेजी १, विज्ञान १, गणित १, नेपाली १, सामाजिक १ गरी जम्मा ५ वटासम्म माध्यमिक तहको शिक्षकको व्यवस्थापन गर्दै जाने ।

ङ. कक्षा ११-१२ सञ्चालन भएका माध्यमिक विद्यालयको सम्बन्धमा कम्तिमा माध्यमिक तहको ३ जना शिक्षकको व्यवस्थापन गर्ने । शिक्षक व्यवस्थापन गर्दा प्राथमिकता क्रमअनुसार अङग्रेजी १, नेपाली १, सामाजिक/ऐच्छिक १ गरी जम्मा ३ वटासम्म माध्यमिक तहको शिक्षकको व्यवस्थापन गर्दै जाने ।

च. शिक्षक मिलान तथा व्यवस्थापन गर्दा कक्षा ६-८, ९-१० र ११-१२ सञ्चालित विद्यालयमा सो तहका तहगत तथा विषयगत शिक्षक सङ्ख्या अपुग भएमा गाउँपालिकामा प्राथमिक तहमा खुद पुल दरबन्दीमा रहेका प्राथमिक तहका शिक्षकहरूबाट उपलब्ध भए सम्म विषयगत शिक्षकको न्यूनतम सङ्ख्या कायम गरिनेछ ।

**७. दरवन्दी मिलान प्रक्रियामा शिक्षक व्यवस्थापन तथा पदस्थापनका आधारहरू :**

**दरबन्दी मिलान पछि गर्ने शिक्षक व्यवस्थापन :**

१. दरबन्दी मिलान गर्दा न्यूनतम दरबन्दी भन्दा बढी दरबन्दी भएका विद्यालयका शिक्षकहरुलाई न्यूनतम दरबन्दी संख्या, विद्यार्थी संख्या, विद्यालयमा सञ्चालन भएको तह र विषयका आधारमा शिक्षक दरबन्दी मिलान कार्यदलको प्रतिवेदन र गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाद्धारा अन्य विद्यालयमा पदस्थापन गरिनेछ ।

२. शिक्षक दरबन्दी कटौती गर्दा विद्यालयमा सञ्चालन रहेको १.तह/कक्षा, २.विषयगत आवश्यकता, ३.विद्यार्थी संख्या, ४.न्यूनतम दरबन्दी संख्याका आधारमा शिक्षण सिकाई अनुदान, राहत, अस्थायी करार र स्थायी जुनसुकै शिक्षक दरबन्दीलाई शिक्षक दरबन्दी मिलान कार्यदलको प्रतिवेदन र गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाद्धारा दरबन्दी कायम गरी मिलान गरिनेछ ।

३. दरबन्दी मिलान गरी कमी वा बढी हुने शिक्षकको विद्यालयगत र विषयगत दरबन्दी विवरण यकिन तथा तयारीका साथै गाउँपालिका स्तरीय समष्टिगत विवरण तयार गरी र सालबसाली रूपमा अद्यावधिक गर्दै लगिनेछ ।

४. प्रत्येक विद्यालयमा १ वटा बालविकास केन्द्रको व्यवस्था मिलाइनेछ ।विद्यार्थी संख्या बढी भएको अवस्थामा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७६ का आधारमा व्यवस्थापन गरिनेछ ।

५. कक्षा वा तह समायोजन भएका विद्यालयहरूमा नयाँ शैक्षिक सत्रमा विद्यार्थी सङ्ख्या घटबढ भएमा पुनः दरबन्दी मिलानको समयमा मिलान गर्न सकिनेछ ।

६. दरवन्दी मिलान तथा पदस्थापना गर्दा प्रत्येक विद्यालयमा सम्बन्धित तहको स्थायी शिक्षकको व्यवस्थापन गरी खुला प्रतिस्प्रधाका माध्यामद्धारा प्रधानाध्यापकको नियुक्तिका लागि सिफारिस गरिनेछ ।

**८) दरवन्दी मिलानमा सरुवा तथा पदस्थापना सम्वन्धी व्यवस्थाः**

क. एउटै विद्यालयमा पाँच वर्ष वा सोभन्दा बढी सेवा पूरा गरेका शिक्षकलाई क्रमश दरबन्दी मिलान तथा पदस्थापन गरिनेछ तर अनिवार्य अवकाश हुन एक वर्ष भन्दा कम समयावधि बाँकी रहेका शिक्षकको हकमा यो नियम लागू हुने छैन ।

ख. दरबन्दी मिलानका क्रममा शिक्षकको सरुवा गर्नुपर्ने भएमा सरुवा हुन चाहने शिक्षकबाट विद्यालय छनोटका लागि कम्तिमा सात दिने सूचना प्रकाशन गरी निवेदन माग गरिनेछ । यसका लागि एक वर्ष कम अवधिको अनिवार्य अवकाश हुने शिक्षक बाहेक सबै शिक्षकले अनुसूची १ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ । पेश भएका निवेदनलाई शिक्षक दरबन्दी मिलान कार्यदल र गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले आवश्यका आधारमा कुनैपनि विद्यालयमा पदस्थापन गर्नेछ भने निवेदन पेश नगर्ने शिक्षकलाई शिक्षक दरबन्दी मिलान कार्यदल र गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले आवश्यकका आधारमा अन्य कुनै विद्यालयमा पदस्थापन गर्नेछ ।

ग. दफा ८ (ख) मा जेसुकै लेखिएतापनि विद्यालयमा प्रभावकारी कार्यसम्पादन गर्न नसकेका एवं प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिबाट पटक-पटक गुनासो आएमा र दफा ७ (२) अनुसार दरबन्दी मिलान गर्न आवश्यक देखिएमा विद्यालयको आवस्थाको छानविन गरी दरबन्दी मिलान तथा पदस्थापना गरिनेछ ।

घ. यस कार्यविधि बमोजिम भएको दरबन्दी मिलान अर्को व्यवस्था नभएसम्मको लागि लागू हुनेछ ।

ङ. शिक्षकको दरबन्दी मिलान तथा पदस्थापनाको निवेदनको ढाँचा यसै कार्यविधिको अनुसूची १ बमोजिम हुनेछ ।

## परिच्छेद-३

**९. शिक्षक दरबन्दी मिलान कार्यदलको व्यवस्था :**

१. प्रत्येक वर्ष शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यमा रायसल्लाह गरी सहजिकरण गर्नका लागि एक शिक्षक दरबन्दी मिलान कार्यदलको गठन गरिनेछ । कार्यदलमा देहायबमोजिम संयोजक र सदस्य रहनेछन् :

| | |
|---|---|
| क. सामाजिक विकास समिति संयोजक | संयोजक |
| ख. गाउँ शिक्षा समिति सदस्यमध्येबाट समितिले तोकेको ४ जना | सदस्य |

ग. गाउँकार्यपालिका सदस्यमध्ये अध्यक्षले तोकेको महिला सदस्य १ जना सदस्य

घ. शिक्षक महासंघको अध्यक्ष वा अध्यक्षले तोकेको प्रतिनिधि सदस्य

ङ. शिक्षा, तथा युवा खेलकुद शाखा प्रमुख सदस्य-सचिव

२. **दरबन्दी मिलान कार्यदलको काम, कर्तव्य र अधिकार**

क. शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक सङ्ख्या, दरबन्दी मिलानपछि कायम हुने शिक्षक सङ्ख्या र थप दरबन्दीका लागि पुग्नुपर्ने न्यूनतम विद्यार्थी सङ्ख्या यकिन गर्ने ।

ख. विद्यालयका शिक्षकहरूबाट आएका विद्यालय छनौट निवेदनहरु विश्लेषण गर्ने ।

ग. विद्यालयहरूमा तहगत तथा विषयगत रूपमा शिक्षक दरबन्दी मिलानका लागि खटाइने विद्यालय र शिक्षकको नामावली विवरण तयार गरी गाउँशिक्षा समितिमा पेश गर्ने ।

घ. गाउँपालिकाले दिइएका निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने ।

ङ. कार्यदलको सचिवालय गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ ।

च. कार्यदलको सचिवालयका लागि आवश्यक पर्ने बजेट रकम तथा समितिका पदाधिकारीहरूको आवश्यक पर्ने बजेट रकम गाउँ कार्यपालिकाले व्यवस्था गर्नेछ ।

## परिच्छेद-४

## दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनमा विभिन्न निकायहरुको भूमिका

### १०. गाउँ कार्यपालिकाको कार्यालयको भूमिका :

दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनमा गाउँपालिका कार्यालयको भूमिका देहाय बमोजिम हुनेछ।

(क) शिक्षक दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यको सहजीकरण गर्ने,

(ख) दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यको लागि मन्त्रालय, शिक्षा शाखा, इकाइ बीच आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(ग) दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि आवश्यक थप आधारहरु तयार गरी कार्यान्वयन गर्ने,

(घ) विद्यालयलाई आवश्यकता अनुसार निर्देशन दिने ।

(ङ) दरबन्दी मिलान र व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था मिलाउने,

(च) दरबन्दी मिलान कार्यविधि अनुसार कार्यदल र गाउँशिक्षा समितिको सिफारिसमा आवश्यक दरबन्दी मिलान सम्बन्धी निर्णय गर्ने,

१०. **वडा कार्यालयको भूमिकाः** दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनमा वडा कार्यालयको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) वडाभित्रका विद्यालयको दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि आवश्यक सहजीकरण गर्ने वा गर्न लगाउने,

(ख) वडाभित्रको विद्यालयको शिक्षक दरबन्दी र विद्यालयहरूसँग दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि सरोकारवालाहरूलाई जानकारी गराउने, समन्वय गर्ने, विद्यालयको विवरण सत्यापनका लागि आवश्यक सहयोग गर्ने,

(ग) दरबन्दी मिलान गर्दा यसै कार्यविधिमा भएको व्यवस्था बमोजिम शिक्षकको स्थानान्तरण लागि सहयोग गर्ने,

(घ) विद्यालयको दरबन्दी मिलान सम्बन्धी गुनासो सम्बन्धमा गाउँपालिकको समन्वयमा सम्बोधनको लागि सहजीकरण गर्ने,

(ङ) दरबन्दी मिलान र शिक्षक व्यवस्थापन गर्दा आवश्यकताका आधारमा यस कार्यविधिको प्रतिकूल नहुने गरी कार्यान्वयन गर्ने ।

(च) वडा भित्रको शैक्षिक गुणस्तर विकास गर्नका लागि वडा शिक्षा समिति गठन गरी दरबन्दी मिलान कार्यमा सहजिकरण गर्न सहयोग गर्ने ।

**विद्यालय व्यवस्थापन समितिको भूमिकाः** दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको भूमिका देहाय बमोजिम हुनेछ ।

क) विद्यालयमा रहेको तह, कक्षा, विषय तथा विद्यार्थी संख्याका आधारमा गरिएको दरबन्दी मिलानलाई कार्यान्वयनमा ल्याउन सहयोग गर्ने ।

ख) गाउँपालिका, शिक्षा शाखा तथा वडा शिक्षा समितिले गरेको दरबन्दी मिलानको काममा सहयोग र सहजीकरण गर्ने,

ग) गाउँपालिकाबाट वितरित दरबन्दी नपुग भएमा अर्को व्यवस्था नभए सम्मका लागि हाललाई आफ्नै विद्यालयको स्रोतबाट शिक्षकको व्यवस्था मिलाउन प्रयत्न गर्ने,

घ) शिक्षा शाखा तथा वडा शिक्षा समितिले दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि अनुरोध गरी आएका विषयवस्तुहरुमा सहयोग तथा सहजीकरण गर्ने ।

**शिक्षा शाखाको भूमिका** : दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनमा शिक्षा शाखाको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) शिक्षक दरबन्दी मिलान, मिलान तथा शिक्षक व्यवस्थापनको लागि मातहतका निकायसँग आपसी समन्वय र सहकार्य गर्ने,

(ख) शिक्षक दरबन्दी मिलान तथा विद्यालयमा रहने शिक्षक दरवन्दीको सूची तयार गर्ने,

(ग) गाउँपालिकामा रहेको विद्यालयमा शिक्षक दरबन्दीको विषयगत, तहगत, रिक्त, करार अवस्थाको सूची तयार गर्ने,

(घ) दरबन्दी मिलानको लागि विद्यालयबाटबाट प्राप्त गुनासोको संकलन गरी सम्बोधन गर्न पहल गर्ने,

(ङ) दरबन्दी मिलान तथा शिक्षक दरबन्दी व्यवस्थापनको लागि विद्यालयलाई निर्देशन दिने र विवरण माग गर्ने,

(च) दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि गाउँकार्यपालिका, कार्यदल, गाउँ शिक्षा समिति, वडा शिक्षा समितिसँग आवश्यक समन्वय गर्ने,

(छ) दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि प्राप्त विवरणका आधारमा अभिलेखहरू भिडाइ सत्यापन गर्न आवश्कता अनुसार अनुगमन गर्ने ।

(ज)दरबन्दी मिलानको लागि आवश्यक सहजिकरण कार्यदलको गठन गरी बैठक गर्ने, राय सुझाव लिने,

(झ) दरबन्दी मिलान तथा व्यवस्थापनका लागि शिक्षा समितिको बैठकमा प्राप्त राय सुझावलाई पेस गर्ने,

(ञ)दरबन्दी मिलान तथा व्यवस्थापनका लागि गरिएको कार्यपालिकाको निर्णय बमोजिम विद्यालयलाई शिक्षकको दरबन्दी सङ्ख्या, शिक्षकको पदनाम कायम गरी सो अनुसारको विवरण पत्र पठाउने,

१२. **विद्यालयको भूमिका** : दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनमा विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिका, शिक्षा शाखा तथा वडा शिक्षा समितिले गरेको दरबन्दी मिलानको काममा सहयोग र सहजीकरण गर्ने,

ख) विद्यालयमा रहेका शिक्षक दरबन्दीलाई माग भएको व्यवस्था बमोजिमको सम्पूर्ण विवरण पछि सम्म फरक नपर्ने गरी तोकिएको समयमा उपलब्ध गराउने,

ग) गाउँपालिकाबाट वितरित दरबन्दी नपुग भएमा अर्को व्यवस्था नभए सम्मका लागि हाललाई आफ्नै विद्यालयको स्रोतबाट शिक्षकको व्यवस्था मिलाउन प्रयत्न गर्ने,

घ) स्थानान्तरण गरिएको शिक्षकलाई यथाशक्य छिटो रमाना दिई पठाउने तथा रमाना लिइ आउने शिक्षकलाई तोकिएको विद्यालयमा हाजिरीको लागि सहजीकरण गर्ने,

ङ) दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि शिक्षा शाखा तथा वडा शिक्षा समिति बीच आपसी सहयोग र समन्वय गर्ने,

च) शिक्षा शाखा तथा वडा शिक्षा समितिले दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि अनुरोध गरी आएका विषयवस्तुहरुमा सहयोग तथा सहजीकरण गर्ने ।

**१३.विविधः**

१. **शिक्षक स्थानान्तरण भएको स्थानमा जानुपर्नेः**

यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानुनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनु पर्नेछ । यसरी तोकिएको समयमा सरुवा भएको विद्यालयमा हाजिर हुन नजाने शिक्षकहरुलाई कार्यरत विद्यालयले हाजिर गराउन पाउने छैन ।

**२. विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेः**

दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा निर्धारीत समयमा हाजिर गराउनु पर्नेछ । यदि हाजिर हुन नदिएमा अर्थात हाजिर नगराएमा सो शिक्षकलाई दरबन्दी सहित आवश्यकताका आधारमा गाउँ कार्यपालिकाको निर्णय अनुसार अन्य विद्यालयमा पदस्थापन गरिनेछ ।

**३. प्रधानाध्यापक जिम्मेवार हुने :**

यस कार्यविधि बमोजिम दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

**४. सहयोग लिन सक्ने :** शिक्षा शाखाले गाउँपालिकामा दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन गर्दा आइपर्ने समस्या समाधानका लागि विद्यालय व्यवस्थापन समिति तथा गाउँपालिका स्थित सरोकारवाला निकायसँग सहयोग लिन सक्नेछ ।

**५. समन्वय र सहजीकरण गर्नुपर्नेः** दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको सन्दर्भमा आफ्नो विद्यालयबाट दरबन्दी कट्टा हुने अवस्था भएमा वा आफ्नो विद्यालयमा शिक्षक स्थानान्तरण भई आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले समन्वय र सहजीकरण गर्नु पर्नेछ ।

**६. आवधिक दरबन्दी मिलान सम्बन्धी व्यवस्थाः**

१. जनसाख्यिक संरचना परिवर्तन भएको कारण स्वीकृत मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात थपघट हुनगई दरबन्दी मिलान तथा व्यवस्थापन गर्न आवश्यक देखिएमा आवश्यकता अनुसार दरबन्दी मिलान गर्नुपर्नेछ । यो कार्य नयाँ शैक्षिक शत्र शुरु हुनु अगावै सम्पन्न गर्नु पर्नेछ ।

२. उपदफा (१) बमोजिम दरबन्दी मिलान गर्दा यस कार्यविधिमा उल्लेख भएको आधार र तरिका बमोजिम गर्नु पर्नेछ ।

३. दरबन्दी मिलान गर्दा शिक्षक स्थानान्तरण गर्नु पर्ने अवस्था भएमा शैक्षिक शत्र शुरु हुनुभन्दा एक महिना अगावै मिलानको कार्य सम्पन्न गरी नयाँ शैक्षिक शत्र शुरु हुदाँको बखत शिक्षक स्थानान्तरण भएको विद्यालयमा हाजिर हुने वातावरण समेत मिलाउनु पर्नेछ ।

४. **समन्वय तथा सहयोग गर्नु पर्नेः** नेपाल शिक्षक महासंघ तथा शिक्षकको पेशागत संघसंगठनहरुले शिक्षक दरवन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि गाउँपालिका, वडा शिक्षा समिति र शिक्षा शाखाले गरेका कार्यहरुमा आवश्यक समन्वय तथा सहयोग गर्नुपर्नेछ ।

५. **बाझिएमा अमान्य हुने :** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

**१४.बाधा अड्काउ फुकुवा हुनेः**

यो कार्यविधि कार्यन्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा फुकुवाका लागी गाउँकार्यपालिकाको बैठकले आवश्यक निर्णय गर्नेछ ।

अनुसूचीहरूः

## स्वच्छिक स्थाननतरणका लागि निवेदको ढाँचा

## अनुसूची १

श्रीमान प्रमुख प्रसाशकिय अधिकृत ज्यू गाउँ कार्यपालिकाको कार्यालय माछापुच्छ्रे गाउँपालिका, कास्की

गाउँ कार्यपालिकाको मिति २०८०/८/०३ गतेको सूचना अनुसार यस गाउँपालिका भित्रका शिक्षकको दरवन्दी मिलान व्यवस्थापन गर्दा मलाई देहाय बमोजिमको विद्यालयमा रही कामकाज गर्ने इच्छा रहेको हुँदा प्रचलित ऐन / नियम / कार्यविधि तथा उपलब्ध सम्भावना समेतका आधारमा प्राथमिकता क्रममा रहेको विद्यालयमा कामकाज गर्ने गरी खटाइदिनहुन अनुरोध सहित यो निवेदन पेश गर्दछु ।

नाम, थरः
दस्तखतः
स्थायी ठेगानाः
वडा नं.
गाउँपालिकाः
जिल्ला
सिटरोल नं. :
तह श्रेणीः
मोबाइल नम्बर
हाल कार्यरत विद्यालयको नाम ठेगानाः
हाल कार्यरत विद्यालयको नाम ठेगानाः

दरबन्दी मिलानमा जान चाहेको विद्यालयको नामः (प्राथमिकताको आधारमा)
१)
२)
३)

माछापुच्छ्रे गाउँपालिका

## अनुसुची -२

हालको कार्यरत शिक्षक दरबन्दीको सङ्ख्यात्मक अवस्थाः

| क्र.स. | विद्यालय को नाम ठेगाना | सिकाइ अनुदान वा अन्य | माध्यमिक (११-१२) | माध्यमिक(९-१०) | आधारभूत ( ६-८) | आधारभूत (१-५) | आधारभूत ( १-३) | जम्मा सङख्या | विषयगत मा नभएको | राहत दरबन्दी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

माझाफेदी गाउँपालिका

## अनुसुची -३

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले यस गाउँपालिकामा रहेको स्वीकृत शिक्षक दरबन्दी, राहत, सिकाइ अनुदान शिक्षकको सङ्ख्या, हालको पदपूर्ति, रिक्त, र करारमा कार्यरत शिक्षक सङ्ख्याको अवस्था विवरणः

| तहगत शिक्षक दरबन्दी | स्थायी पदपुर्ति | राहत कार्यरत | स्वीकृत दरबन्दीमा करार कार्यरत | रिक्त राहत | रिक्त स्वीकृत | सिकाइ अनुदान वा अन्य |
|---|---|---|---|---|---|---|
| माध्यमिक ( ११-१२) | | | | | | |
| माध्यमिक( ९-१०) | | | | | | |
| आधारभूत ( ६-८) | | | | | | |
| आधारभूत( १-५) | | | | | | |
| बाल शिक्षक | | | | | | |
| विद्यालय सहायक | | | | | | |
| विद्यालय सहयोगि | | | | | | |
| जम्मा | | | | | | |

विषयगत शिक्षकको अवस्था

| विषयगत | तह / कक्षा | स्थायी पदपुर्ति | राहत कार्यरत | स्वीकृत दरबन्दीमा करार कार्यरत | रिक्त राहत | रिक्त स्वीकृत | सिकाइ अनुदान वा अन्य | स्थायी पदपुर्ति | राहत कार्यरत |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली | माध्यमिक(९-१०) | | | | | | | | |
| अङ्ग्रेजी | माध्यमिक(९-१०) | | | | | | | | |
| विज्ञान | माध्यमिक(९-१०) | | | | | | | | |
| गणित | माध्यमिक(९-१०) | | | | | | | | |
| सामाजिक | माध्यमिक(९-१०) | | | | | | | | |
| **जम्मा** | | | | | | | | | |
| नेपाली | माध्यमिक(११-१२) | | | | | | | | |
| अङ्ग्रेजी | माध्यमिक(११-१२) | | | | | | | | |
| विज्ञान | माध्यमिक(११-१२) | | | | | | | | |
| गणित | माध्यमिक(११-१२) | | | | | | | | |
| सामाजिक | माध्यमिक(११-१२) | | | | | | | | |
| **जम्मा** | | | | | | | | | |
| नेपाली | आधारभूत (६-८) | | | | | | | | |
| अङ्ग्रेजी | आधारभूत (६-८) | | | | | | | | |
| विज्ञान | आधारभूत (६-८) | | | | | | | | |
| गणित | आधारभूत (६-८) | | | | | | | | |
| सामाजिक | आधारभूत (६-८) | | | | | | | | |
| **जम्मा** | | | | | | | | | |

माडीफेदी गाउँपालिका

अनुसूची -४

विद्यालयले गाउँपालिकालाई उपलब्ध गराउनु पर्ने विवरणको ढाँचा

मितिः

विषयः विवरण उपलब्ध गराइएको सम्बन्धमा ।

श्री माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कास्की

प्रस्तुत विषयमा तहाँ गाउँकार्यपालिकाको कार्यालयबाट प्राप्त च.नं. .... को पत्रानुसार शिक्षक दरबन्दी मिलानको लागि माग भएको यस विद्यालयमा कार्यरत शिक्षकहरूको तपसिल बमोजिमको विवरण उपलब्ध गराइएको छ ।

तपसिलः

| क.स. | शिक्षक को नाम, थर | तह | श्रेणी | विषय (शैक्षिक योग्यता समेत खुलाउनु पर्ने) | स्थायी/ राहत/करार/सिकाइ अनुदान वा अन्य | नियुक्ति मिति | जन्म मिति | यस विद्यालयमा गरेको सेवा अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रधानाध्यापक

बोधार्थः

श्री ....नं. वडा कार्यालय
माछापुच्छ्रे गाउँपालिका, कास्की

आज्ञाले,
गोपी कृष्ण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

माछापुच्छ्रे गाउँपालिका